## परिचय

सामुदायिक विकास कार्यक्रम सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा कार्यान्वयन गरिएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एल.जि.सि.डि.पि.) अन्तर्गतको सेवा प्रवाह खण्ड र गैरसरकारी संस्थाको नेतृत्वमा सञ्चालित (Non-State led) कार्यक्रम हो । यस कार्यक्रमले १८ जिल्लाका लक्षित गाउँ विकास समितिहरूका बहिष्कृत र बञ्चित समुदायहरूलाई थप प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले शासनमा आवश्यक सुधारका लागि सहयोग पुर्‍याउँछ । सामुदायिक विकास कार्यक्रमले सिकाइ र अनुभवबाट प्राप्त ज्ञानको सदुपयोग गर्दै स्थानीय सँग सहकार्य गर्दछ । यसले नागरिक सचेतना केन्द्र, वडा नागिरक मञ्च, एकीकृत योजना तर्जुमा समिति, गा.वि.स. परिषद् र जि.वि.स. परिषद् हुँदै कार्यान्वयन गरिने १४ चरणको योजना निर्माण प्रक्रिया लगायतका स्थानीय शासन प्रक्रियाहरूसँग तादात्म्यता राख्दछ ।

सामुदायिक विकास कार्यक्रम नेपाल सरकारको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको पहिलो र दोस्रो चरण हुँदै विकास भएको हो । सामुदायिक विकास कार्यक्रम एकीकृत रूपमा शासन तथा विकाससँग सम्बन्धित चुनौतिहरूको सम्बोधन गर्नुपर्ने खालका सवालहरूमा कार्य गर्नेतर्फ लक्षित छ । यो लक्ष्य हासिल गर्नका लागि राज्यका संयन्त्रहरूलाई पनि बाह्य सहायताको आवश्यकता पर्दछ । तीन वर्षको अवधिमा सम्पन्न हुने यो कार्यक्रम बेलायत सरकारको अन्तर्राष्ट्रिय विकास विभाग (डिएफआइडि/यु.के.एड्) को कुल दुई करोड स्टर्लिङ पाउण्ड (रू. ३,१६,११,३९,४८९) अनुदान सहयोगमा जनवरी २०१५ बाट प्रारम्भ भएको हो ।



स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको अभिन्न अङ्गको रूपमा तर्जुमा भएको सामुदायिक विकास कार्यक्रमले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र यस मातहतका सबै निकायहरूसँगको निकटतम सम्पर्कमा रही काम गर्ने बलियो आधार प्राप्त गरेको छ । यस कार्यक्रमले विशेषत: राष्ट्रिय स्तरमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखा, सम्बन्धित मन्त्रालय र निकायहरूका साथै अन्य सरोकारवालाहरु, जिल्ला स्तरमा गै.स.स. समन्वय समिति / गै.स.स. डेस्क, जि.वि.स., जिल्ला प्रकोप उद्धार समिति, जिल्ला सामाजिक परिचालन समन्वय समिति, र स्थानीय तहमा गा.वि.स., अन्तर्राष्ट्रिय गै.स.स. तथा गै.स.स.हरूको निकट सम्बन्ध र सहकार्यमा रहेर कार्य गर्दछ ।

## कार्यक्रमका उद्देश्यहरू

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको नीतिगत ढाँचाका उद्देश्यहरूसँग निकटतम संयोजनमा रही काम गर्नका लागि सामुदायिक विकास कार्यक्रमका निम्न प्रमुख उद्देश्यहरु रहेका छन् :

- स्थानीय शासनका संयन्त्रहरूको सुदृढीकरणका लागि सम्बन्धित प्रणालीहरूलाई सहयोग गर्ने,
- स्थानीय तहका निर्णायक संरचनाहरूमा नागरिकहरूको प्रभावकारी सहभागिता प्रवर्द्धन गर्ने,
- पारदर्शिता र जवाफदेहिताका संयन्त्रहरूको सुदृढीकरणका लागि सहयोग गर्ने, र
- सार्वजनिक सेवाहरूका प्रावधान र वितरणमा सुधार गर्ने ।

## कार्यक्रमका उपलब्धि तथा प्रतिफलहरू

सामुदायिक विकास कार्यक्रमको अपेक्षित उपलब्धि *"प्रभावकारी सेवा प्रवाहका लागि सबल, सुसंगत / सामञ्जस्यपूर्ण (coherent), उत्थानशील (resilient) र समावेशी स्थानीय सरकारको प्रणाली"* हो ।

यस कार्यक्रमका अपेक्षित प्रतिफलहरु निम्न छन् :

- गरिब एवं बञ्चितिकरणमा परेका व्यक्तिहरु आफ्ना अधिकार तथा आर्थिक अवसरमा पहुँचको लागि दावी गर्न सशक्त भएको हुने,
- समावेशिता, जवाफदेहिता र पारदर्शिताका लागि स्थानीय निकायको संरचना, प्रणाली र प्रक्रिया सबल भएको हुने, र
- गरिब र बञ्चितिकरणमा परेका व्यक्तिहरूका लागि सुदृढ सेवा प्रवाहका साथै विपद् उत्थानशील पूर्वाधारहरु निर्माण भएको हुने ।

## कार्यगत विधि र परिणामहरू

### कार्यगत विधिहरू

- स्थानीय शासनको सुदृढीकरणका लागि जि.वि.स. र गा.वि.स.हरूलाई सहयोग गर्ने:
  - सहभागिता, पारदर्शिता र जवाफदेहिताका लागि नागरिक सचेतना केन्द्र, वडा नागरिक मञ्च, एकीकृत योजना तर्जुमा समिति र जिल्ला सामाजिक परिचालन समन्वय समितिमार्फत् प्रभावकारी योजना तर्जुमा, स्रोतको बाँडफाँड र निर्णय प्रक्रियाहरूमा नागरिक परिचालन गर्ने,
  - विपन्न समूहहरूको उद्यमशीलता विकास तथा आर्थिक सबलीकरण,
  - गै.स.स. डेस्क लगायत स्थानीय निकायहरूको सहायताका लागि राज्य तथा गैर राज्य पक्षहरूबीच सामञ्जस्यता,
  - आवधिक योजनाका लागि गा.वि.स. हरूलाई सहयोग प्रदान गर्ने ।
- विपद् उत्थानशील सामुदायिक पूर्वाधार, र
- विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तनसम्बन्धी पूर्व तयारी ।

### मुख्य परिणामहरु

- ३,८२५ नागरिक सचेतना केन्द्रहरूको गठन भएको हुने ।
- २६,७७५ नागरिक सचेतना केन्द्रका सदस्यहरु/परिवारहरूले उद्योगधन्दाका लागि आर्थिक सहायता प्राप्त गर्ने ।
- करिव ४,००० व्यक्तिले सीप/व्यवसायिक तालिम र उद्योगधन्दाका लागि आर्थिक सहायता प्राप्त गरेको हुने ।
- १८ जिल्लाका स्थानीय प्रशासन तथा सेवा प्रदायक संयन्त्रहरूलाई सहयोग र तिनीहरूको क्षमता विकास गरी समन्वय, सामञ्जस्यता (coherence) र एकरूपता (harmonisation) जस्ता उपलब्धि हासिल भएको हुने ।
- आवश्यकता र प्राथमिकताको आधारमा समुदायमा आधारित विपद् उत्थानशील पूर्वाधार निर्माण गरिने ।
- १०० गा.वि.स.हरूमा गाउँ विकास समिति आवधिक योजना तर्जुमा गरिने ।
- १८ गै.स.स. डेस्कहरूको गठन वा सक्रिय बनाइएको हुने र तिनीहरूको क्षमतामा वृद्धि भएको हुने ।





## कार्यक्रमका लाभग्राहीहरू

सामुदायिक विकास कार्यक्रम सञ्चालन भएका १८ जिल्लाका गरिब र विपन्न समुदायहरु यस कार्यक्रमका प्रत्यक्ष लाभग्राहीहरु हुन् ।

## कार्यक्रमले समेटेको भौगोलिक क्षेत्र

यस कार्यक्रमले १८ जिल्लालाई समेट्दछ : मध्य तथा पूर्वी तराइका जिल्लाहरु सप्तरी, सुनसरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा र मध्य तथा सुदुर पश्चिमाञ्चलका पहाडी/हिमाली जिल्लाहरु बझाङ, बाजुरा, अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, मुगु र हुम्ला । यस अन्तर्गत प्रत्येक पहाडी र हिमाली जिल्लाका १० गा.वि.स. र प्रत्येक तराइ जिल्लाका १५ गा.वि.स.हरूलाई विशेष रूपमा लक्षित गरेको छ ।

## कार्यक्रमको पद्धति

सामुदायिक विकास कार्यक्रमको सञ्चालन प्रक्रिया परियोजना चक्रिय व्यवस्थापनमा आधारित छ, जसमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समेटिएका हुन्छन् । स्थानीय निकायहरूको योजना तर्जुमा चक्रमा समाहित हुने र १४ चरणको सहभागितामूलक योजना प्रक्रिया अनुरूपको यस कार्यक्रमका मुख्य पद्धतिहरूमा स्थानीय सरकारी निकायहरु (वडा नागरिक मञ्च, एकीकृत योजना तर्जुमा समिति, गा.वि.स., जि.वि.स., र विभिन्न स्तरमा अन्य सम्बन्धित समितिहरु) सँग सम्बन्ध विकास गर्नु र तिनीहरूको क्षमता सुदृढ गर्नु हो । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको सामाजिक परिचालन, अनुगमन र जवाफदेहिताका साधनहरूको परिचालन रणनीति अनुरूप सामुदायिक विकास कार्यक्रमले अन्तर्राष्ट्रिय गै.स.स., गै.स.स., नागरिक समाज, सरोकारवालाहरु र सम्बन्धित सरकारी निकायहरूबीच संयोजन गरी सामञ्जस्यतामा सुधार र दोहोरोपन न्यूनीकरण गर्नका लागि योगदान पुर्‍याउँदछ । साथै, यसले केन्द्रदेखि स्थानीय तहसम्मको संस्थागत प्रभावकारिता अभिवृद्धिका लागि योगदान पुर्‍याउने उद्देश्यले सम्बन्धित संस्था, संयन्त्र र सेवा प्रदायकहरूसँग मिलेर कार्य गर्दछ ।

नागरिक परिचालन तथा सशक्तिकरणका साथै विपद् उत्थानशील सामुदायिक पूर्वाधार, विपद् जोखिम न्यूनीकरण एवं जलवायु परिवर्तनसँग सम्बन्धित पूर्व तयारीको माध्यमबाट कार्य गर्नका लागि सामुदायिक विकास कार्यक्रमका निम्न प्रमुख कार्यक्षेत्रहरु छन् :

- शासन सुदृढीकरण
- सामाजिक परिचालन
- जिविकोपार्जनसम्बन्धी सहयोग
- विपद् उत्थानशील आधारभूत पूर्वाधार
- विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन



- असल शासन र सामञ्जस्यताको प्रवर्द्धन

सबै तहमा सामञ्जस्यता, समन्वय, एकरूपता र असल शासनको प्रबर्द्धनका लागि निम्न अनुसारका कार्य गरिनेछ :

**राष्ट्रिय तह :** सम्बन्धित मन्त्रालयहरु, अन्तर्राष्ट्रिय गै.स.स., गै.स.स. र निजी क्षेत्रहरु कार्यक्रमका महत्वपूर्ण पक्षहरु हुन् भने संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखा र कन्सोर्टियम साझेदारहरु विश्व खाद्य कार्यक्रम (डब्लु.एफ.पि.) र अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट (ओ.पि.एम.) नेपाल बीचको निकटतम सम्पर्क उत्तिकै महत्वपूर्ण छ । सामाजिक परिचालन तथा गै.स.स. समन्वय शाखाले नीतिगत कार्यढाँचा प्रदान गर्दछ, कार्यक्रमलाई सहजता प्रदान गर्दछ, संयुक्त अनुगमन भ्रमणहरूको आयोजना गर्दछ, र कार्यक्रम कार्यान्वयन लागि सुझाव र सहायता प्रदान गर्नुका साथै समन्वय र सहकार्यलाई सुनिश्चित गर्दछ ।

**जिल्ला तह:** स्थानीय गैससहरूद्वारा कार्यान्वयन गरिएका कार्यक्रमहरूको समग्र व्यवस्थापन र समन्वयका लागि गै.स.स. डेस्क / गै.स.स. समन्वय समिति जिम्मेवार हुने गर्दछ । यस संरचनाको सुदृढिकरणका साथै योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको अवधिमा गैरराज्य तथा राज्यका निकायहरूबीचको सामञ्जस्यता सुनिश्चितताका लागि सामुदायिक विकास कार्यक्रमले प्राविधिक सहायता उपलब्ध गराउँछ ।

**गा.वि.स. तह :** सामुदायिक विकास कार्यक्रमले विद्यमान गा.वि.स. तहको परियोजना अनुगमन तथा सुपरिवेक्षण समितिसँग समन्वय गर्दछ । यस कार्यक्रमले वडा नागरिक मञ्चलाई सक्रिय बनाउन र एकीकृत योजना तर्जुमा समिति र वडा नागरिक मञ्चहरूलाई सुदृढ र प्रभावकारी बनाउनका लागि अग्रणी भूमिका निर्वाह गर्दछ । सार्वजनिक सुनुवाई, संयुक्त अनुगमन, क्षमता विकास तथा एकीकृत योजना तर्जुमा समिति र वडा नागरिक मञ्चमा अर्थपूर्ण सहभागितालाई जोड दिइएको छ ।

## कार्यान्वयन गर्ने निकायहरू

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन), विश्व खाद्य कार्यक्रम र अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट संलग्न एउटा समूह (consortium) ले सामुदायिक विकास कार्यक्रमको कार्यान्वयन गरिरहेको छ । यस समूहको नेतृत्व आरआरएनले गरेको छ भने स्थानीय तथा सम्बन्धित निकायहरु र अन्य गैरराज्य पक्षहरु कार्यान्वयनका अभिन्न साझेदार हुन् ।

## अनुगमन तथा मूल्याङ्कन

कार्यक्रम अनुगमन खासगरी तीनवटा आयामहरूमा सञ्चालन गरिन्छ :

- आन्तरिक अनुगमन र मूल्याङ्कन संयन्त्र,
- सामुदायिक नेतृत्वमा आधारित अनुगमन, र
- सरोकारवालाहरूद्वारा संयुक्त अनुगमन ।

NGO Facility (सामाजिक परिचालन तथा गैसस समन्वय शाखा), जि.वि.स. र गा.वि.स.ले सामुदायिक विकास कार्यक्रमको सहयोगमा राष्ट्रिय, जिल्ला र गा.वि.स. तहहरूमा संयुक्त अनुगमन भ्रमणहरूको आयोजना गर्दछन् । अनुगमनमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, समाज कल्याण परिषद्, डि.एफ.आइ.डि., आरआरएन र कन्सोर्टियम साझेदारहरु लगायतका सरोकारवालाहरु संलग्न हुन्छन् । जिल्ला स्तरमा स्थानीय निकायहरु (गा.वि.स.हरु/जि.वि.स.हरु) र जिल्ला स्तरीय सम्बन्धित निकायहरु, राजनीतिक दलहरु, अन्तर्राष्ट्रिय गै.स.स.हरु, गै.स.स.हरु, नागरिक समाज एवं पत्रकारहरूबाट वार्षिक रूपमा संयुक्त अनुगमन हुने गर्दछ । त्यसैगरी, सामुदायिक विकास कार्यक्रमको सहयोगबाट गाउँ अनुगमन तथा मूल्याङ्कन समितिहरूले समान प्रकारका सरोकारवालाहरूसँगको सहभागितामा गा.वि.स. स्तरीय अनुगमन तथा मूल्याङ्कनका लागि समन्वय गर्दछन् ।




## थप जानकारीका लागि

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
पोष्ट बक्स नं.: ८१३० गैरीधारा मार्ग,
गैरीधारा, काठमाडौं, नेपाल
टेलिफोन : + ९७७ १ ४००४९७६, ४००४९८५
फ्याक्स् : + ९७७ १ ४००४५०८, ४४४३४९४
इमेल : rrn@rrn.org.np
वेब साइट : www.rrn.org.np

**विश्व खाद्य कार्यक्रम (डब्लु.एफ्.पि.)**
पोष्ट बक्स नं.: १०७
चाकुपाट, पाटनढोका, ललितपुर
फोन : + ९७७ १ ५२६०६०७
फ्याक्स् : + ९७७ १ ५२६०२०१
इमेल : wfp.kathmandu@wfp.org
वेब साइट : www.wfp.org/countries/nepal

**अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट (ओ.पि.एम.) नेपाल**
३०/३१ जित जङ्ग मार्ग, विवेक निवास
थापाथली, काठमाडौं
फोन : + ९७७ १ ४२४७३१७
इमेल : info.nepaloffice@opml.co.uk
वेब साइट : www.opml.co.uk/office/opm-nepal

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
क्षेत्रीय कार्यालय, नेपालगञ्ज
फोन : ०८१ ५५०७२३

**नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)**
क्षेत्रीय कार्यालय, बिराटनगर
फोन : ०२१ ४६३५४६, ०२१ ४६३६४६ ।

*सामुदायिक विकास कार्यक्रम सञ्चालन भएका सबै १८ जिल्लाहरूमा कार्यालयहरु रहेका छन ।*

नेपाल सरकार र बेलायत सरकारको सहयोगमा सञ्चालित



# सामुदायिक विकास कार्यक्रम

# COMMUNITY DEVELOPMENT PROGRAMME (CDP)

UKaid from the British people

WFP wfp.org

Oxford Policy Management